# व्यवसायिक फलफुल वगैचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# व्यवसायिक फलफुल वगैचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रदेश) सरकारको मिति २०७५/१०/०२ को निर्णयबाट स्वीकृत(

पृष्ठभूमीः

नेपालमा जलवायु र भौगोलिक विविधताको उच्च अवसरले गर्दा तराई, पहाड र उच्च पहाडी क्षेत्रमा गरी करिव ५० भन्दा वढी किसिमका उन्नत, रैथाने र जगंली जातका फलफुहरु पाइन्छन ।देशको करिव दुई तिहाई जनसंख्या आश्रित रहेको कृषि क्षेत्रले कुल गार्हस्थ उत्पादनमा करिव एक चौथाई योगदान वागवानी उप क्षेत्रको रहेको छ। यस मध्ये करिव आधा हिस्सा योगदान फलफुल जन्य उत्पादनवाट हुने गरेको देखिन्छ ।औधेगिकरणका लागि कच्चा पदार्थका साथै फलफुल व्यवसाय, खाद्य पोषण सुरक्षा, रोजगारी, व्यापार र विदेशी मुद्रा आर्जन गर्न सकिने प्रमुख उप क्षेत्र कृषि हो ।फलफुलको आवश्यकता, सम्भाव्यता र प्राथमिकताको आधारमा भौगोलिक विविधता एव विशिष्टताको सदुपयोग गर्दै सम्भाव्य फलफुल वालीको व्यवसायिक एव प्रतिस्पर्धी खेती प्रणालीको विकास विस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन, खाद्य तथा पोषण सुरक्षा, गरीवी न्युनीकरण र जीवनस्तर सुधारमा योगदान पुर्याउन प्रदेश सरकारको नीति तथा कार्यक्रमको अन्तरनिहित भावना अनुरुप वार्षिक कार्यक्रममा स्वीकृत रहेको व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयनका लागि प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३को अधिकार प्रयोग (१) गरि प्रदेश सरकारबाट व्यवसायिक फलफुल वगैचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ तयार गरि लागू गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम "व्यवसायीक फलफुल वगैचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधी २०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(१) "प्रदेश सरकार" भन्नाले प्रदेश नं.१ सरकार सम्झनु पर्दछ ।

(२) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(३) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय सम्झनु पर्दछ ।

(४) "समूह" भन्नाले नेपाल सरकारका जिल्लास्थित निकाय तथा स्थानीय तहमा विधिवतरुपमा दर्ता भएको कृषक समुह सम्झनु पर्दछ ।

(५) "सहकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएको कृषि सहकारी संस्था सम्झनु पर्दछ ।

(६) " फर्म, कम्पनी वा संस्था" भन्नाले प्रचलित कानून बमोजिम सरकारी कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका फर्म, कम्पनी वा संस्था सम्झनु पदर्छ ।

(७) "समिति" भन्नाले यसै कार्यविधिको दफा ६ बमोजिम गठित प्रस्ताव छनौट तथा मुल्याङ्कन समिति सम्झनु पर्दछ

(८) "ज्ञान केन्द्र" भन्नाले प्रदेश सरकार मातहतको कृषि ज्ञान केन्द्र सम्झनुपर्छ ।

३. उद्देश्यः

(१) गुणस्तरीय विरुवा र उन्नत प्रविधिको प्रयोगवाट मुख्य फलफुलवालीहरुको क्षेत्रफल विस्तार र वगैचा सुदृढिकरण द्वारा उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

(२) संम्भाव्य फलफुलमा आत्मनिर्भरता वढाई आयात प्रतिस्थापन गर्ने ।

(३) विभिन्न फलफुलका नँया प्रविधि र उन्नत जातहरुको पहिचान गरी सम्भाव्यताको आधारमा विस्तार गर्ने।

## परिच्छेद - २

## कार्यक्रम सञ्चालन प्रकृया

४. कार्यक्रम सञ्चालन प्रकृया : यस कार्यक्रमको सञ्चालन प्रक्रिया देहाय अनुसार हुनेछ।

(१) यस कार्यक्रममा विधिवत रुपमा दर्ता भई क्रियाशिल रहेका कृषि फार्म, कृषक समुह, कृषि सहकारी तथा कृषि उद्यमीहरुले व्यवसायिक फलफुल खेती स्थापनाका लागि प्रस्ताव पेश गर्न सक्नेछन ।

(२) कार्यक्रम संचालनको प्रमुख जिम्मेवारी कृषि ज्ञान केन्द्रको रहनेछ । केन्द्रको वागवानी विकास अधिकृत वा कार्यालय प्रमुखले तोकेको अन्य अधिकृत/ कर्मचारीलाई कार्यक्रम संयोजकको जिम्मेवारी हुनेछ ।

(३) यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका बालीमा तोकिए अनुसार क्षेत्रफलमा व्यवसायिक बगैचा स्थापनाका लागि प्रस्ताव पेश गर्न सकिनेछ । साथै स्थान विशेष र माग अनुसार अन्य फलफूलवालीहरु कार्यविधिको दफा ६ बमोजिमको समितिको सहमतिमा थप गर्न सकिने छ।

| क्र.सं. | जिल्ला | वाली | न्यूनतम क्षेत्रफल |
|---|---|---|---|
| १ | ताप्लेजुङ, पाँचथर, इलाम, ओखलढुङ्गा खोटाङ्ग, भोजपुर, संखुवासभा, तेह्रथुम धनकुटा, सोलुखुम्वु, उदयपुर | सुन्तलाजात फलफूल, आँप, लिचि एभोकाडो, स्याउ | ५ रोपनी |
| | | केरा, स्ट्रवेरी, ड्र्यागनफ्रुट | २ रोपनी |

| क.सं. | जिल्ला | वाली | न्यूनतम क्षेत्रफल |
|---|---|---|---|
| २ | झापा, मोरङ्ग सुनसरी, उदयपुर | आँप, लिची, सुन्तलाजात फलफुल, सुपारी, | १५ कट्ठा |
| | | मेवा तथा केरा | १० कट्ठा |
| | | भुइकटहर, स्ट्रवेरी, ड्रयागनफ्रुट | ४ कट्ठा |

(४) यस कार्यक्रममा दफा ४ उपदफा (१) बमोजिमका संस्थाहरुले उपदफा (३) मा निर्दिष्ट बाली तथा क्षेत्रफलमा व्यवसायिक बगैंचा स्थापनाका अलवा स्थापित व्यवसायिक बगैंचामा उत्पादनशिल क्रियाकलाप तथा उन्नत प्रविधिहरु अवलम्वनका लागि प्रस्ताव पेश गर्न सकिनेछ ।

५. सूचना प्रकाशन तथा प्रस्ताव संकलन

(१) **सुचना प्रकाशनः** कृषि ज्ञान केन्द्रले कार्यक्रम सञ्चालनका लागि कृषि फार्म, कृषक समुह, कृषि सहकारी तथा कृषि उद्यमीहरुलाई व्यवसायिक फलफुल बगैचा स्थापनाको लागि अनुसुची १ बमोजिमको प्रस्ताव आह्वानको ३० दिने सुचना प्रकाशन गर्नेछ।

(२) सुचना प्रकाशन भए पश्चात ईच्छुक कृषि फार्म/ कृषक समुह/ कृषि सहकारी / कृषि उद्यमीहरुले तोकिएको समय भित्र अनुसुची २ बमोजिम आवेदन फारम तथा संलग्न गर्नु पर्ने कागजातहरु र अनुसुची ३ बमोजिमको प्रस्ताव संलग्न राखि कृषि ज्ञान केन्द्रमा आवेदन दर्ता गर्नुपर्नेछ ।

६. प्रस्ताव छनौट तथा मुल्याङ्कन समिति

(१) तोकिएको समयसिमा भित्र विधिवत रुपमा प्राप्त प्रस्तावहरुको मुल्याङ्कनका लागि तपसिल बमोजिमको प्रस्ताव छनौट तथा मुल्याङ्कन समिति रहनेछ ।

(क) प्रमुख, कृषि ज्ञान केन्द्र — संयोजक

(ख) जिल्ला स्थित कृषि तथा पशुपंक्षी विकास मन्त्रालयसँग सम्वन्धित कार्यक्रम/आयोजना/कार्यालयका अधिकृत प्रतिनिधि — सदस्य

(ग) कृषि ज्ञान केन्द्रमा कार्यरत २ जना अधिकृत/ कर्मचारी प्रतिनिधि — सदस्य

(घ) वागवानी विकास अधिकृत/कार्यक्रम हेर्ने जिम्मेवार प्राविधिक कर्मचारी, कृषि ज्ञान केन्द्र, — सदस्य सचिव

७. प्रस्ताव मुल्याङ्कन, छनौट र सम्झौताः

(१) प्रचलित कानून वमोजिम रितपुर्वक दर्ता भएका प्रस्तावहरु दफा ६ उपदफा (१) बमोजिमको प्रस्ताव छनौट तथा मुल्याङ्कन समिति मार्फत मुल्याङ्कन प्रकृया अगाडि बढाइने छ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

(२) उपदफा (१) बमोजिम प्रस्तावको प्रारम्भिक मुल्याङ्कन गर्दा अनुसूची २ अनुसारको आवेदन तथा संलग्न कागजातहरु भएका प्रस्तावहरु मात्र स्थलगत निरिक्षण र थप मुल्याङ्कनका लागि योग्य हुनेछन् ।

(३) समितिले आवश्यकता अनुसार अनुसूची ४ मा तोकिएको मुल्याङ्कन शिर्षक र अङ्कभार भित्र रहि थप मुल्याङ्कनका आधारहरु निर्धारण गर्न सक्नेछ । पुर्व छनौटमा कम्तिमा ६० अङ्क प्राप्त प्रस्तावहरुलाई सफल प्रस्ताव मानिनेछ ।

(४) पुर्व छनौटमा सफल प्रस्तावहरुको अनुसूची ४ बमोजिमका आधारमा स्थलगत निरीक्षण गरी मुल्याङ्कन गर्नुपर्नेछ।

(५) अनुगमनको क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिएमा प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा अनावश्यक न्यूनतम योग्यता नपुगेको प्रमाणित भएमा सो प्रस्ताव अयोग्य ठहर गरी बाँकी प्रस्तावहरुको मुल्याङ्कन प्रकृया अगाडि बढाइनेछ ।

(६) स्वीकृत कार्यक्रम तथा बजेटको परिधिभित्र रहि अनुसूचि ४ बमोजिम मुल्याङ्कनमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावहरु कार्यक्रम संचालनका लागि छनौट गरिनेछ ।

८. सञ्चालन हुने मुख्य मुख्य कृयाकलापहरु:

(१) व्यवसायिक फलफुल बगैंचा स्थापना सहयोग कार्यक्रम अन्तर्गत नयाँ बगैंचा स्थापनाका लागि देहाय बमोजिमका क्रियाकलापहरुमा तोकिए अनुसार सेवा उपलब्ध हुनेछ ।

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | फलफूल बगैंचा क्षेत्र विस्तार | श्रोत विरुवा खरिद तथा वितरण | ▪ श्रोत विरुवा खरिदमा ५० % अनुदान<br>▪ ढुवानी अनुदान के गर्ने<br>▪ मल्चिङ्ग के गर्ने | नेपाल सरकारले तोकेको श्रोत केन्द्रबाट विरुवा व्यवस्थापन गर्नु पर्ने । सो नभएमा स्थानिय दररेट तथा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम । |
| २ | कृषि औजार उपकरण खरिद तथा वितरण | खाडल खन्ने मेशिन, पावर/मिनि टिलर, घाँस काट्ने र गोड्ने मेशिन आदि | प्रचलित बजार मुल्यमा ७५ % अनुदान | |
| ३ | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), भूमिगत सिंचाई, पाईप, कुलो | प्रचलित बजार मुल्यमा ७५ % अनुदान | |



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार प्रदेश नं. १ बिराटनगर, नेपाल

सचिव

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| | | निर्माण, नविनतम प्रविधिमा आधारित सिंचाई (थोपा सिंचाई, सौर्य सिंचाई) | | |
| | | | | |
| | | | | |

(२) पूर्ववत स्थापना भएका व्यवसायिक बगैंचाका लागि देहाय बमोजिमका क्रियाकलापमा तोकिए अनुसार सहजीकरण सेवा उपलब्ध हुनेछ ।

| सि.नं. | कार्यक्रमको विवरण | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा |
|---|---|---|---|
| १ | कृषि औजार उपकरण खरिद तथा वितरण | पावर/मिनि टिलर, घाँस काट्ने र गोड्ने मेशिन आदि | प्रचलित बजार मुल्यमा ५० % ।।।अनुदान ७५ |
| २ | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), भूमिगत सिँचाई, पाईप, कुलो निर्माण, नविनतम प्रविधिमा आधारित सिंचाई (थोपा सिंचाई, सौर्य सिंचाई) | प्रचलित बजार मुल्यमा ५० % अनुदान |
| ३ | मुल्य अभिवृद्धि कार्यक्रम | फलफूल प्रशोधन, बजारीकरण आदि | लागत अनुमानको ५०% अनुदान |
| ४ | उन्नत प्रविधि अवलम्वन | मल्चिङ्ग, थोपा सिँचाई, अन्तरवाली आदि | लागत अनुमानको ५०% अनुदान ७५ |

## परिच्छेद ३
## सम्झौता र अनुदान प्रवाह प्रक्रिया

९. लागत इष्टिमेट र सम्झौता :

(१) प्रस्ताव छनौट पश्चात अनुदाग्राहीले प्रस्ताव अनुसार सम्वन्धित विषयको प्राविधिक मार्फत स्थलगत सर्भेक्षण गराएर लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि ज्ञान केन्द्र पेश गर्नुपर्नेछ।

(२) स्वीकृत इष्टिमेटको आधारमा ज्ञान केन्द्र र अनुदानग्राही विच अनुसूची ५ बमोजिमको सम्झौता गरिनेछ ।

(३) अनुदानग्राहीले कार्यक्रम स्थलमा लागत सहभागिता रकम खुलेको होर्डङ्ग वोर्ड सर्वसाधरणले देख्ने गरी राख्ने पर्नेछ ।

सचिव प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगर, नेपाल

(४) लागत इष्टिमेट तयार गर्दा कुल अनुदान रकमको २% रकम कन्टीजेन्सी स्वरुप राखिनेछ। उक्त रकम प्राविधिकको दैनिक भ्रमण भत्ता र समितिको बैठक भत्ता र अन्य ब्यवस्थापकिय कार्यमा प्रयोग गर्न सकिनेछ ।

१०. खर्च सम्बन्धी व्यवस्था :

(१) कार्यक्रम संचालनको लागि उपलब्ध गराईने अनुदान रकम तथा खर्च यस कार्यविधिमा तोकिए बमोजिम हुनेछ।

(२) अनुदानग्राहीलाई कामको प्रगति अनुसार बढीमा २ (दुई) किस्तामा सम्झौता बमोजिम अनुदान रकम बैंक खाता मार्फत उपलब्ध गराईनेछ ।

(३) एक प्रस्तावकलाई प्रस्तावित फलफुल वाली र क्षेत्रफल अनुसार स्वीकृत लागत अनुमानको आधारमा अधिकतम सात लाख सम्म अनुदान रकम उपलव्ध गराईने छ ।

## परिच्छेद ४

## अनुगमन तथा विविध

११. **अनुगमन र मुल्याङ्कन** : मन्त्रालय, निर्देशनालय, कृषि ज्ञान केन्द्रवाट नियमित अनुगमन हुनेछ ।

१२. **प्रगति प्रतिवेदन पठाउनु पर्ने** : अनुदानग्राहीले कार्यक्रमको प्रगति प्रतिवेदन मासिक रुपमा कृषि ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ ।कार्यक्रम संयोजकले आफ्नो कार्यक्षेत्रमा यस कार्यक्रम अन्तरगत स्थापना तथा सुदृढीकरण भएका फलफुल बगैचाको विवरण तयार गरी चौमासिक रुपमा कृषि विकास निर्देशनालयमा पठाउनु पर्नेछ ।

१३. **बिमा:** व्यवसायिक फलफुल बगैचाको सम्भाव्यताको आधारमा बिमा गराउनु पर्ने छ ।

१४. **आर्थिक प्रशासन सेवा:** कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **प्रचलित कानून लागु हुने:** कार्यक्रम कार्यान्वयनको सम्वन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१६. **बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन)**

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्थाकृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय , गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा वाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्थाकृषि तथा , सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।



प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगर, नेपाल

प्रमुख सचिव

अनुसुची १

(दफा ५ को उपदफा (१) संग सम्बन्धित)

**व्यवसायिक फलफुल वगैचा स्थापना सहयोग कार्यक्रमको अनुदान सम्बन्धी प्रस्ताव आवहानको सुचना**

सूचना ! सूचना !! सूचना !!!

आर्थिक वर्ष . . . . . . . . . . . को कृषि ज्ञान केन्द्र . . . . . . को वार्षिक स्वीकृत कार्यक्रम अनुसार व्यवसायिक फलफुल वगैचा स्थापना सहयोग (प्रस्तावमा) आधारित कार्यक्रम रहेको हुँदा ईच्छुक कृषि फार्म .कृषक समुह ,कृषि सहकारी तथा कृषि उद्यमीहरु वाट दरखास्त आवह्यनको लागि यो सुचना प्रकाशित गरिएको छ ।यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र अनसुची २ वमोजिमका कागजातहरु संलग्न राखी कृषि ज्ञान केन्द्रमा प्रस्ताव वुझाउनु हुन अनुरोध छ । यस सम्वन्धमा थप जानकारीको लागि कृषि ज्ञान केन्द्र. . . . . . . . मा सम्पर्क गर्न अनुरोध छ।

प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं. १
विराटनगर, नेपाल

सचिव

| रु. १० को टिकट |
| --- |

## अनुसुची २

(दफा ५ को उपदफा (२) संग सम्बन्धित)

**आवेदन फारम तथा संलग्न गर्नु पर्ने कागजातहरु**

श्री कृषि ज्ञान केन्द्र ,

. . . . . . . . . .।

मेरो कृषि फार्म /कृषक समुह/कृषि सहकारी /कृषि उद्यमी वाट . . . . . . . . गा.पा./न.पा. . . . . . . . जिल्ला अन्तर्गत . . . . . . . . . . स्थानमा . . . . . . . . . . जातको फलफुल वगैचाको . . . . . . . क्षेत्रफलमा व्यवसायिक रुपमा स्थापना गर्ने लक्ष रहेकोले सो का लागि लागत अनुमान रु. . . . . . . .मध्ये रु. . . . . . . . . . . . मेरै /हाम्रै संस्थावाट व्यहोरी वाँकी रु . . . . . . . . . . . अनुदान पाउने व्यवस्थाका लागि तपशिल वमोजिमको कागजातहरु राखी निवेदन पेश गरको छु/छौ।

संलग्न कागजातहरु

(१) अनुसुची २ अनुसारको निवेदन ।

(२) नेपाली नागरीकताको प्रमाणपत्र प्रतिलिपि ।

(३) अनुसुची ३ अनुसारको प्रस्ताव ।

(४) दर्ता प्रमाणपत्र प्रतिलिपि ,स्थाई लेखा नम्वर र कर चुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(५) कार्यक्रम सञ्चालनको लागि आवश्यक जग्गाको लालपुर्जाको प्रतिलिपि वा करारमा लिएको जग्गा हो भने न्युनतम १५ वर्ष करार सम्झौता गरेको सम्झौता पत्र को प्रतिलिपि ।

(६) प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि ।

निवेदक

दस्तखत:

नाम थर:

पद:

हस्ताक्षर गर्ने आधिकारीक व्यक्तिको दस्तखत:

कृषि फार्म / कृषक समुह /कृषि सहकारी /कृषि उद्यमी

ठेगाना:

छाप:

प्रमुख सचिव

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

सचिव

अनुसुची ३

(दफा ५ को उपदफा (२) संग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

(१) कृषि फार्म / कृषक समुह /कृषि सहकारी /कृषि उद्यमी को नामः

(२) ठेगानाः

(३) स्थापना हुने बगैचाको क्षेत्रफलः

(४) विस्तार हुन सक्ने क्षेत्रफलः

(५) परियोजनाको पृष्ठभुमीः (संस्था एवम् स्थान परिचय , अवस्था र उद्देश्य)

(६) परियोजनाको उद्देश्यः

(७) कार्य योजनाः क्रियाकलाप (के ,कति, कहिले, कसरी, कसले)

(८) अपेक्षित प्रतिफलः

(९) लागत वजेटः

| क.स. | क्रियाकलापको नाम | जम्मा लागत | संस्थाले व्यहोर्ने | माग गरिएको अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| | | | | | |
| २. | | | | | |
| | | | | | |
| ३. | | | | | |
| | | | | | |
| ४. | | | | | |

(१०) विरुवाको श्रोत र उपलव्धताको सुनिश्चतताको प्रमाणः

(११) दिगोपनाको योजनाः (कम्तिमा ५वर्षको कार्ययोजना )

(१२) नया सोच केही भए उल्लेख गर्नुहोस ।

प्रस्तावक सस्थाको नामः

ठेगानाः

दस्तखतः

मितिः

सस्थाको छापः

नोटः प्रस्तुत प्रस्ताव सक्षिप्त ढाँचाको आधारमा छुट्टै सिटमा तयार गरी पेश गर्नु पर्ने छ ।

प्रमुख सचिव

सचिव

अनुसुची ४

(दफा ७ को उपदफा (३) संग सम्बन्धित)

## प्रस्तावको मुल्याङ्कन मापदण्ड

| क्र. स. | मूल्याङ्कनका आधार | मूल्याङ्कन | | | प्रासाङ्क |
|---|---|---|---|---|---|
| पुर्व छनौटका आधार | | | | | |
| १ | क्षेत्र विस्तारको प्रस्ताव | १ हे भन्दा कम | १ हे. देखि ३ हे भन्दा कम | ३ हे. वा सो भन्दा बढी | |
| | अङ्क भार | ८ | १५ | २० | |
| २ | फलफुल खेती विषयमा प्राविधिक ज्ञान सीप, अनुभव | सामान्य तालिम प्राप्त गरेको | न्यूनतम २ वर्षको अनुभव | २ वर्षभन्दा बढि अनुभव | |
| | अङ्क भार | ४ | ७ | १० | |
| ३ | विरुवाको श्रोत तथा उपलब्धता | मान्यता प्राप्त नभएका र स्थानियस्तरमा उत्पादित | मान्यता प्राप्त नभएका तर निजीस्तरमा स्थापित नर्सरी | सरकारी फार्म वा मान्यता प्राप्त श्रोत केन्द्र | |
| | अङ्क भार | ८ | १५ | २० | |
| ४ | प्रस्तावकको साझेदारी तर्फको आर्थिक क्षमता | बैंकिङ्ग साझेदारी | स्व-लगानी | स्थानिय तहसँग साझेदारी | |
| | अङ्क भार | ८ | १५ | २० | |
| ५ | बजारिकरण योजना | सन्तोषजनक | मध्यम | उत्तम | |
| | अङ्क भार | ४ | ७ | १० | |
| ६ | भविष्यमा निरन्तरता सम्बन्धी योजना तथा दिगोपना | पेश नगरेको भए | मध्यम स्तरको योजना पेश गरेको | उत्तम स्तरको योजना पेश गरेको | |
| | अङ्क भार | ८ | १५ | २० | |
| | पुर्व छनौटको जम्मा | ४० | ७५ | १०० | |
| स्थलगत प्रमाणिकरणका आधार | | | | | |
| २ | भौगोलिक र वातावरणीय उपयुक्तता | सन्तोषजनक | मध्यम | उत्तम | |
| | अङ्क भार | २० | ३५ | ५० | |
| | पुर्व छनौट तथा स्थलगत प्रमाणिकरणको जम्मा | ६० | ११० | १५० | |

*यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्कन प्रयोजनका लागि समितिले Sub Criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सकिने छ ।

** पूर्व छनौटका आधारहरुमा ६० अंक ल्याउने प्रस्तावहरुलाई मात्र स्थलगत प्रमाणीकरणमा गरिनेछ ।

*** प्रस्ताव मुल्यङ्कन प्राविधिक उपसमितिले स्थलगत प्रमाणीकरणका आधारहरुलाई वाली अनुसार Sub Criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सक्ने छ ।



सचिव

प्रमुख सचिव

अनुसूची ५

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित )

## सम्झौता पत्र

आ.व. ........................... वार्षिक स्वीकृत कार्यक्रम प्रस्तावको आधारमा फलफूल खेतीप्रवर्द्धन कार्यक्रम संचालन प्रयोजनार्थ **"व्यवसायिक फलफुल वगैचा स्थापना सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधी, २०७५"** (प्रदेश सरकार .................... को मिति २०७५/ / मा स्वीकृत) अनुसार मिति २०७ / / मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार यस कार्यालयको २०७ / / को निर्णयले जम्मा लागत रु. ..................... (अक्षरेपी ....................................... मात्र ) मध्ये कार्यालयवाट अनुदान रु. ............................ (अक्षरेपी ........................................ मात्र ) हुनेगरी तपशिल अनुसारको क्षेत्रफल विस्तार कार्यक्रम संचालन गर्न निम्नानुसारका शर्तहरुमा मन्जुर गरी यो सम्झौता गरिएको छ ।

| क्र.स | क्रियाकलाप | जम्मा लागत | कृषि ज्ञान केन्द्रले व्यहोर्ने | अनुदानग्राहीले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | जम्मा | | | | |

१) यो सम्झौता पत्र कृषि ज्ञान केन्द्र , . . . . . .प्रथम पक्ष र सम्वन्धित . . . . . . . दोस्रो पक्ष वीच व्यवसायिक फलफुल वगैचा स्थापना कार्यक्रम सञ्चालन गर्ने कार्यको लागि प्रयोग हुनेछ ।

२) यो सम्झोता दुवै पक्षवाट हस्ताक्षर भएको मिति वाट प्रारम्भ हुनेछ ।

३) दोस्रो पक्षले सम्झौता उल्लेख भए वमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिन भित्र शुरु गर्नुपर्ने छ ।

४) प्रथम पक्षले दोस्रो पक्षलाइ आयोजनाको प्रकृति अनुसार वढीमा २ किस्तामा रकम उपलव्ध गराउनु पर्ने छ ।

५) प्रथम किस्ता भुक्तानीका लागि दोस्रो पक्षले ५० प्रतिशत कार्य गरेको हुनु पर्ने छ। सम्झौता वमोजिमको कार्य पुरा भएपछि अन्तिम वा दोस्रो किस्ता रकम प्रथम पक्षले दोस्रो पक्षलाइ उपलव्ध गराउनु पर्ने छ ।

६) प्रथम पक्षले दोस्रो पक्षलाइ किस्ता भुक्तानी गर्दा सम्वन्धित प्राविधिकको मुलयाङ्कन तथा स्थलगत अनुगमन समितिको सिफारीसको आधारमा भुक्तानी गरिनेछ। दोस्रो पक्षले कार्य गर्दा प्राविधिकको निर्देशनानुसार कार्य गर्नु पर्नेछ ।

७) अन्तिम वा दोस्रो किस्ता भुक्तानी गर्ने सम्वन्धमा प्राविधिकवाट मुलयाङ्कन गराइ वील सहितको कार्य सम्पन्न प्रतिवेदन फोटो सहित तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ ।

| प्रथम पक्षको तर्फवाट | दोस्रो पक्षको तर्फवाट |
|---|---|
| नाम: | नाम: |
| पद: | पद: |
| कार्यालयको नाम र छाप: | कार्यालयको नाम र छाप: |
| साछी: | साछी: |
| नाम थर: | नाम थर: |
| ठेगाना: | ठेगाना: |

प्रमुख सचिव

सचिव